उच्च अदालत तुलसीपुर
नेपालगञ्ज इजलास
२०७३

# उच्च अदालत तुलसीपुर नेपालगंज इजलासबाट सेवा प्रवाहका सम्बन्धमा मिति २०७८।०३।२४ गते जारी गरिएको सूचना

यस बाँके जिल्लामा कोरोनाको संक्रमण न्यून हुँदै गएको र निषेधाज्ञा खुकुलो भई यस जिल्ला भित्र सार्वजनिक यातायात समेत सञ्चालनमा आइसकेको सन्दर्भमा यस अदालतबाट मिति २०७८।०३।२४ गतेको पूर्ण बैठक बसी सेवा प्रवाह सम्बन्धमा देहाय बमोजिम निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

<u>देहायः-</u>

१. विश्वव्यापीरुपमा मौलाईरहेको कोरोना महामारीको प्रभाव बाँके जिल्लामा पनि व्यापकरुपमा परेको कारणबाट धेरैजनाको ज्यान गई भयावहको स्थिति श्रृजना भएको परिस्थितिमा कोरोना महाव्याधिबाट बच्न र सो को Chain Break गर्नमा योगदान पुऱ्याउने उद्देश्यका लागि यस अदालतबाट उच्च अदालत वार एसोशियसनका पदाधिकारीहरु तथा सरकारी वकिल कार्यालयका पदाधिकारीहरुसँग व्यापक छलफल गरी प्राप्त सुझाव र परामर्शलाई पृष्टपोषणको रुपमा लिई यस अदालतबाट तत्कालीन रुपमा प्रवाह भइरहेका सेवाहरुमा संकुचन ल्याई इजलासमा भौतिक उपस्थिति सहितको मुद्दामा गरिदै आएको बहस पैरवी समेतका केही सेवाहरुलाई रुप परिवर्तन गरी भौतिक उपस्थितिको सट्टा भर्चुअल हेयरिङ अर्थात् अदालतमा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालन सम्बन्धी निर्देशिका, २०७८" बमोजिम भिडियो कन्फरेन्स प्रविधि उपयोग गरी सेवा प्रवाह गरिंदैआएकोमा अब उपरान्त मिति <u>२०७८।०३।२७</u> गते बाट भिडियो कन्फरेन्स प्रविधिद्वारा बहस गर्न इच्छुक कानून व्यवसायीहरुका लागि उक्त रुपान्तरित प्रद्तिको सेवा यथावत राख्नुको साथै भौतिकरुपमा अदालतमा उपस्थित भई बहस गर्न चाहने विद्वान कानून व्यवसायीहरुका लागि भौतिकरुपमा अदालतमा उपस्थित भई इजलासमा बहस पैरवी गर्न आवश्यक सावधानी अपनाई भौतिक बहस पैरवीलाई खुला गर्ने निर्णय गरियो।

२. मिति २०७८।०१।०८ गते बाट संकुचन गरिएको सेवामा यस अघि गरिएको विस्तार र सो को व्यवस्थापनलाई निरन्तरता दिने।

उच्च अदालत तुलसीपुर
नेपालगञ्ज इजलास
२०७३

३. सबै प्रकारका पुनरावेदन, निवेदन तथा रिट निवेदन समेत स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्यरुपमा पालना गर्ने गराउने गरी मिति २०७८।०४।१७ गते बाट क्रमशः दर्ता र सुनुवाई गर्दै जाने व्यवस्था मिलाउने।

४. यस जिल्ला भित्र सार्वजनिक यातायात सञ्चालनमा आइसकेको सन्दर्भमा यस जिल्ला भित्र रहनु भएका हदम्याद, म्याद तथा तारेखमा यस अदालतमा उपस्थति हुनु पर्ने अवस्थाका सेवाग्राहीहरु मिति २०७८।०३।२७ गतेबाट ३०(तीस) दिन भित्र यस अदालतमा उपस्थित हुनु पर्ने (अदालतको सहजताका लागि मुद्दाका पक्षहरुले सम्भव भएसम्म जुन बारको तारेख तोकिएको छ सोही बारमा उपस्थित भई दिए सहज हुने) तथा यस जिल्ला बाहिर रहनु भएका यस अदालतमा हदम्याद, म्याद तथा तारेखमा उपस्थति हुनु पर्ने अवस्थाका सेवाग्राहीहरु सार्वजनिक यातायात सञ्चालनमा आए पछि ३० (तीस) दिनभित्र उपस्थित हुन पर्ने। तर त्यस्तो सुविधा पाउने अवस्थाका सेवाग्राहीले सो भन्दा अगावै सेवा लिन आएमा स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी कानून बमोजिमको न्यायिक सेवा प्रदान गर्न सकिने।

५. पेशी तथा सुनुवाई व्यवस्थापन सम्बन्धमा संक्रमणको अवस्था समेतलाई मध्येनजर गरी उपयुक्त व्यवस्था गर्दै जाने नीति अवलम्बन गर्ने गराउने।

६. अदालतमा प्रवेश गर्दा मास्क लगाउने, गेटमा राखिएको साबुन पानीले हात धुने र ज्वरो मापन गर्ने कार्यलाई प्रवेश गर्ने सबैले अनिवार्यरुपमा पालना गर्नु पर्ने छ।

७. इजलासमा बहस पैरवी गर्ने क्रममा विद्वान कानून व्यवसायी आफ्नो पालोमा उपस्थित भई बहस पैरवी गर्ने र इजलासमा हुन सक्ने भिंडभाडलाई सकेसम्म न्यूनिकरण गर्ने।

२०७८।३।२४

.............................

(बलबहादुर विष्ट)

सूचना अधिकारी

शाखा अधिकृत